प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 15, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# शिक्षण अभ्यास कार्यक्रममा छात्र शिक्षक तथा सम्बद्ध प्राध्यापकहरूका अनुभव

**बद्रीप्रसाद फुएल, उपप्राध्यापक (शिक्षा)***
**दिलनाथ फूएल, सहप्राध्यापक (अर्थशास्त्रशिक्षा)**
**दलबहादुर तामाङ्ग (स्नातकोत्तर शोधार्थी)**

## सार

प्रस्तुत लेखको उद्देश्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत शिक्षण अभ्यास कार्यक्रममा छात्र शिक्षक एवम् सम्बद्ध प्राध्यापकहरूका अनुभवको विश्लेषण गर्नु रहेको छ । यस अध्ययनको उद्देश्य पूरा गर्न गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । यहाँ आवश्यक पर्ने सूचना अध्ययनकर्ता स्वयम्ले प्राथमिक एवम् विषयसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित सामग्री द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । त्रिभुवन विश्वविद्यालय, महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा वि. स. २०८० साल शिक्षाशास्त्रको स्नातक तह चौथो वर्षमा सञ्चालित शिक्षण अभ्यास कार्यक्रममा संलग्न१२५ जना छात्र शिक्षकहरू मध्ये नियमित रूपमा कक्षामा उपस्थित हुने प्रत्येक विषयबाट एकजनाका दरले ५ जना उद्देश्यमूलक नमुना छनोट विधिको उपयोग गरी छनोट गरिएको छ । साथै सो कक्षामा अध्यापन तथा सुपरिवेक्षण समेतमा संलग्न प्राध्यापकहरू मध्ये पाँच जनालाई उद्देश्यमूलक नमुना छनोट विधिबाट नै छानिएका छन् । अभ्यास शिक्षण कार्यक्रम सफलताको पहिलो सर्त नैसम्बन्धित सरोकारवालाहरू यो कार्यक्रमका सम्बन्धमा स्पष्ट हुनुपर्नेमा त्यस्तो नदेखिएको हुँदा यसका लागि शिक्षण अभ्यास विभागले एड्. ४४० पाठ्यक्रमको कक्षा सुरू हुनु भन्दा अगाडि छात्र शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गरी विषयवस्तुप्रति सबैलाई जागरूक गराउनु पर्दछ ।साथै पाठ्यक्रमले निर्दिष्ट गरेका क्रियाकलापहरूमा संलग्न हुने विभाग, अध्यापन गर्ने प्राध्यापक तथा सुपरिवेक्षकहरूलाई जागरूक भई आफ्नो जिम्मेवारी सहज एवम् वस्तुगत रूपमा पूरा गर्न संयुक्त बैठक एवम् सेमिनारको आयोजना अनिवार्य गर्नुपर्ने देखिन्छ । यो पाठ्यक्रम कार्यान्वयनलाई सहज वनाउन निर्माण गरिएको निर्देशिका (सूक्ष्म, सहपाठी, विद्यालय शिक्षणको समय तथा छात्र शिक्षकहरूको अनुपात) लाई परिमार्जन गर्दै हुबहु कार्यान्वयनमा जोड दिनुपर्ने देखिन्छ । यस क्रममा कार्यक्रमको अनुगमन गर्न निर्देशिकाले निर्देश गरेअनुसारको अनुगमन समिति

* महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम, मो. नं.: ९८५२६८०९२०, इमेल : badri.phuel@gmail.com

निर्माण गरेर सो समितिको सिफारिसमा दण्ड तथा पुरस्कारको समेत व्यवस्था गर्न आवश्यक देखिन्छ । यसले गर्दा सम्बद्ध व्यक्तिहरू आ–आफ्नो जिम्मेवारी पूरा गर्नुका साथै पाठ्यक्रमका निर्दिष्ट उद्देश्य एवम् मर्म प्राप्त भई शिक्षण सिपमा निपुण शिक्षक उत्पादन गर्न सकिने देखिन्छ ।

***शब्द कुञ्जी :*** शिक्षण अभ्यास, सुपरिवेक्षण, सहपाठी शिक्षण, छात्र शिक्षक, सहयोगी विद्यालय

## परिचय

त्रिभुवन विश्वविद्यालय वि. स. २०१६ मा स्थापना भएको नेपालको सबैभन्दा जेठो र गरिमामय इतिहास बोकेको विश्वविद्यालय हो । स्थापनाकालदेखि नै उच्च शिक्षामा अग्रणी भूमिका खेलेको यस विश्वविद्यालयअन्तर्गत हाल ६२ आङ्गिक, ५२९ सामुदायिक र ५४९ निजी क्याम्पसहरू क्रियाशील रहेका छन् । त्रिभुवन विश्वविद्यालयभित्र ४२ वटा केन्द्रीय विभाग, पाँचवटा अध्ययन संस्थान, चारवटा सङ्काय र चारवटा अनुसन्धान केन्द्रहरू रहेका छन् (त्रिभुवन विश्वविद्यालय, सन् २०२३) । शिक्षाशास्त्र सङ्काय, चारवटा सङ्कायहरू मध्ये एक महत्त्वपूर्ण सङ्कायका रूपमा लिइन्छ । यो सङ्कायले देशमा आवश्यक पर्ने तालिमप्राप्त शिक्षक एवम् शैक्षिक प्रशासक उत्पादन गर्ने उद्देश्य राखेर अध्ययन अध्यापन गरिरहेको छ।

परम्परागत रूपमा शिक्षार्थीलाई मानवीय वातावरणमा समायोजन गर्न शिक्षण आवश्यक ठानिन्थ्यो भने अहिले आएर जुनसुकै सामाजिक वातावरणमा समायोजन हुनसक्ने नागरिक तयार गर्न शिक्षणको आवश्यकता मानिन्छ । शिक्षणले विद्यार्थीहरूको आवश्यकताहरू पूरा गर्न, विद्यार्थीहरूलाई सिकाइमा संलग्न गराउन, सिकाइमा विद्यार्थीहरूको आत्मविश्वास बढाउन एवम् विद्यार्थीहरूलाई आगामी सफलताको लागि तयार पार्ने काम गर्दछ । शिक्षण अभ्यास विशेषतः शिक्षणसम्बन्धी ज्ञान, सिप र दक्षता अभिवृद्धिका लागि गरिने अभ्यास हो । यो निश्चित समयावधिमा विद्यालय वा क्याम्पसहरूमा गरिने प्रयोगात्मक र अभ्यासात्मक शैक्षणिक क्रियाकलाप हो । यसलाई अभ्यास शिक्षण पनि भन्ने गरिन्छ । शिक्षण अभ्यासले शिक्षाशास्त्रका विषयमा अध्ययन गर्ने विद्यार्थीहरूले पूर्वनिर्धारित पाठ्यक्रमको आवश्यकता पूर्ति गर्नका लागि तोकिएको समयभरि खटाइएको सहयोगी विद्यालयमा गई गरिने प्रयोगात्मक र अभ्यासात्मक अध्यापन कार्यलाई जनाउँछ (ढकाल, २०६८) ।

मराईस र मेइयर (सन् २००४), पेरी (सन् २००४) र माकोसा, सुम्वा र सुम्बा (सन् २००७) ले शिक्षण अभ्यासलाई सिद्धान्तहरूको व्यवहारमा लागु गर्नको लागि शिक्षण सेवामा विशिष्ट प्रशिक्षणको अभिन्न अङ्गको रूपमा व्याख्या गरेका छन् । यस्तो प्रशिक्षण योग्य शिक्षकको हैसियत प्राप्त गर्नका साथै शिक्षणमा आवश्यक सबै मापदण्डहरू हासिल गर्न विद्यार्थी शिक्षकले कम्तिमा पनि विद्यालयमा शिक्षण अभ्यास गर्नुपर्छ । मराईस र मेइयर (सन् २००४) ले अझ अगाडि भन्नु हुन्छ कि शिक्षण अभ्यासमा छात्र शिक्षकलाई राम्रो प्रशिक्षण गरेर पठाउनु नै महत्त्वपूर्ण र चुनौतीपूर्ण कार्य हो । विशेषगरी दक्षिण अफ्रिकाका विकासशील देशहरूमा शिक्षण अभ्यासलाई प्रभावकारी बनाउन त्यहाँका विद्यालयहरू बिचको भौगोलिक दुरी, शिक्षकहरूको कमजोर र असमान क्षमता, विशेषज्ञताको अभाव, स्रोत साधनको व्यापक अभाव, अनुशासनको अभाव जस्ता चुनौतीहरू सम्बद्ध व्यक्ति एवम् छात्र शिक्षकहरूको व्यापक छलफलबाट घटाउन सकिन्छ । यदि यस्ता चुनौतीहरूलाई सम्बोधन गर्न सकिएन भने शिक्षण अभ्यासको क्रममा छात्र शिक्षकहरूको प्रदर्शनलाई असर गर्न सक्दछ र लामो समयसम्म शिक्षण पेसाप्रतिको उनीहरूको धारणालाई असर गर्न सक्दछ (क्विक र सिबोर्गर, सन् २००५)।

शिक्षण अभ्यासले शिक्षार्थीमा पेसागत विकास गर्दै सक्षम शिक्षकहरूको तयारी गर्ने काममा मुख्य भूमिका खेल्दछ । शिक्षण अभ्यास अवधिभर सुपरीवेक्षक तथा सहायक सुपरीवेक्षकहरू एवम् विद्यालयका

सल्लाहकार शिक्षकहरूले विद्यार्थी शिक्षकहरूको पेसागत विकासमा प्रभावकारी सुपरीवेक्षण गरेर सहयोग प्रदान गर्दछन् । एक प्रभावकारी सुपरीवेक्षकले लिखित रूपमा संस्थाको मूल्याङ्कनका मापदण्डअनुरूप सुझाव प्रदान गरेर विद्यार्थी शिक्षकको आत्म-प्रतिविम्बलाई प्रोत्साहन दिई प्रशिक्षार्थी शिक्षकहरूको प्रगतिलाई अझ राम्रो बनाउन सहयोग गर्दछ (स्नो-गेरोनो, सन् २००८) । भार्गव (सन् २००९) ले अभ्यास शिक्षण बोर्डमा लेखन, पाठ परिचय, कक्षा अनुशासन र मिडिया प्रयोग जस्ता सिपहरूको प्रयोगमा मात्र सीमित रहेको र छात्र शिक्षकहरूको क्रमिक विकास, शिक्षणमा नयाँ दृष्टिकोण अपनाउने जस्ता उत्प्रेरकमा कम जोड दिइएको टिप्पणीहरू प्रस्तुत गरेका छन् ।

कलेजमा सिकेको सिद्धान्तलाई कक्षाकोठाको अभ्यासमा जोड्नु शिक्षण अभ्यासको मुख्य उद्देश्य हो । यसले छात्र शिक्षकहरूलाई शिक्षण पेसामा सामाजिकीकरण गर्ने अवसर प्रदान गर्दछ (गुजर, सन् २०० ९)। शिक्षण अभ्यासमा आवश्यक पर्ने सबै अभ्यासको तयारी र सिपहरूको सङ्गठन गरिन्छ (कार्थोजेन, लाओघरान र रसेल, सन् २००६) । छात्र शिक्षकहरूलाई अध्यापन गर्न पठाउनु अघि अभ्यास गराउनु पर्छ । यस तयारीअन्तर्गत सूक्ष्म शिक्षण, एकल पाठयोजना निर्माण, प्रदर्शन र अवलोकन, सहकर्मी शिक्षण र स्रोतहरूको ब्यवस्था पर्दछन् (कागोडा, सन् २०११; सबन र कोक्लर, सन् २०१३) ।

शिक्षण अभ्यासले छात्र शिक्षकमा आत्मविश्वास प्राप्त गर्ने अवसर, सिद्धान्तहरूलाई व्यावहारिक प्रयोगमा ल्याउने मौका प्रदान गर्दै, सक्षम र प्रभावकारी शिक्षण सिप र मनोवृत्ति विकास गर्ने अवसर, विषयवस्तुको ज्ञानमा सुधार गर्ने अवसर, रचनात्मक आलोचनाका फाइदाहरूबाट लाभ उठाउने मौका, आत्म-मूल्याङ्कनबाट आफ्ना कमजोरीहरू पत्ता लगाउने अवसर प्रदान गर्दछ (ब्राउन र ब्राउन, सन् १९९०) । त्यस्तै मेरीफिल्ड (सन् १९९७) का अनुसार शिक्षण अभ्यासले विद्यार्थीहरूलाई शिक्षक शिक्षा पाठ्यक्रम कार्यान्वयन गर्ने कार्यमा प्राप्त ज्ञान र सिपहरू लागु गर्न, असल शिक्षण सिप अनुरूप आफ्नो मनोवृत्ति प्रदर्शन गर्न, सिकाइका धेरै सिद्धान्तहरू र बहुविधि तथा शिक्षण रणनीतिहरू लागु गर्न, शिक्षकको भूमिकाको पहिचान गर्न, शिक्षण कार्यको पूर्ण दायरामा प्रवेश-स्तरको क्षमता विकास गर्न,पेसागत र नैतिक व्यवहार प्रदर्शन गर्दछ । पेरी (सन् २००४) बताउँछिन् कि शिक्षण अभ्यासले आफ्ना अनुभवहरूलाई कुनै न कुनै रूपमा प्रयोग गर्न, शिक्षणका लागि विशेष ज्ञानको विकास गर्दैत्यसको उपयोगमा गरिने अभ्यासलाई उच्च स्तर प्राप्त गर्न, शिक्षणका विभिन्न पक्षको सम्बन्धमा ज्ञान र क्षमताहरू विकास गर्दै यसको प्रयोगमा योगदान पुऱ्याउँछ ।

यस सन्दर्भमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले विश्व परिवेश र समयको माग समेतलाई ख्याल गर्दै वि. स. २०७२ देखि स्नातक कार्यक्रमलाई परिमार्जन गरी २२०० पूर्णाङ्क मध्येएड्. ४४० को पाठ्यांश १०० पूर्णाङ्कको पठनपाठन हुने गरी चार बर्से स्नातक तह बनाएको छ । यस पाठ्यांशले प्रत्येक छात्र शिक्षकलाई कक्षामा सिकेको शिक्षणसँग सम्बन्धित सैद्धान्तिक ज्ञानलाई व्यवहारमा उतार्न मद्दत गर्दछ । एड्. ४४० पाठ्यक्रमलाई क्याम्पसभित्र सञ्चालित कार्यक्रमअन्तर्गत हप्ताको छ घण्टी अरू विषय जस्तै शैक्षिक सत्रभरि नै १५० घण्टा पाठ्यभार राखेर हरेक विषयमा पढाउनु पर्ने प्रावधान रहेको छ । यो पाठ्यक्रममा पाँचवटा क्रियाकलाप गराउनु पर्ने हुन्छ । ती क्रियाकलापहरू मध्ये अभ्यास शिक्षणको अभिमुखीकरण, क्याम्पसमा गरिने शिक्षण अभ्यास (योजना निर्माण, सूक्ष्म शिक्षण, सहपाठी शिक्षण, परीक्षणको निर्माण, पाठ्यक्रम एवम् पाठ्यपुस्तकको विश्लेषणका साथै विद्यालयमा राखिने अभिलेखहरूको अभ्यास) र समग्र प्रतिवेदनको तयारी आदिको अभ्यास क्याम्पसमा गराउनु पर्दछ । यी क्रियाकलाप नै शिक्षण अभ्यास कार्यक्रमका मूल अवयव हुन् । यी क्रियाकलापमा प्रखर रूपमा अभ्यास गराउँदा मात्र

विद्यार्थीले पेसागत सक्षमता प्राप्त गर्दछन् भन्ने आसय एड्. ४४० पाठ्यक्रमको देखिन्छ ।पूर्वअभ्यासमा छात्र शिक्षक पोख्त भएपछि विद्यालयको वास्तविकतामा कार्यान्वयन गर्न विद्यालय शिक्षणका लागि २० दिनको अवधि निर्धारण गरी सोही समयमा समग्र प्रतिवेदनको तयारी गर्नु पर्दछ (त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, २०७६) ।

शिक्षण अभ्यासलाई शिक्षाशास्त्र सङ्कायको आत्माको रूपमा मानिन्छ । छात्र शिक्षकहरूले सैद्धान्तिक रूपमा प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्न लगाउने तथा उनीहरूलाई शिक्षण र यससँग सम्बन्धित कार्यहरूमा संलग्न गराइ शिक्षणसम्बन्धी दक्षता अभिवृद्धि गराउने सन्दर्भमा यसको उच्च भूमिका रहन्छ । यसैगरी शिक्षणका सन्दर्भमा योजना बनाइ कार्यान्वयन गर्न, खास उद्देश्य किटान गरी शिक्षण गर्न, शैक्षिक सामग्री तथा नवीनतम शिक्षण विधि तथा प्रविधिको छनोट र प्रयोग, कक्षा व्यवस्थापन, प्रभावकारी रूपमा मूल्याङ्कन, अतिरिक्त क्रियाकलाप सञ्चालन एवम् व्यवस्थापन, बाल मामिला अध्ययन, सिकाइसम्बन्धी परीक्षण गर्ने जस्ता कार्यमा दक्षता हासिल गर्न यसको आवश्यकता रहेको छ । अतः यसमा समाविष्ट व्यवस्था, छात्र शिक्षक तथा सम्बद्ध प्राध्यापकहरूले गर्नुपर्ने कार्यहरू, कार्य गर्दा भोगेका अनुभव के कस्तो रहेको छ ?भन्ने कुराको अध्ययन एवम् विश्लेषणमा प्रस्तुत लेख केन्द्रित रहेको छ ।

## अध्ययन विधि

यस अध्ययनमा उद्देश्य पूरा गर्न गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गरिएको छ । अध्ययनका क्रममा अध्ययन कर्ता स्वयम् अध्ययन क्षेत्रमा उपस्थित भएर उत्तरदाताबाट शाब्दिक सूचना सङ्कलन गरिएको छ भने सो सूचनाको विश्लेषण पनि व्याख्यात्मक ढङ्गले गरिएको छ । त्रिभुवन विश्वविद्यालय,महेन्द्ररन बहुमुखी क्याम्पस,इलामको शिक्षाशास्त्र सङ्काय अन्तर्गत शैक्षिक सत्र २०८० मास्नातक तहको चौथो वर्ष अध्ययन गर्ने विद्यार्थीहरूको अनिवार्य पाठ्यांश शिक्षण अभ्यासमा संलग्न भएका छात्र शिक्षकहरू तथा अध्यापनमा संलग्न प्राध्यापकहरूलाई सुविधाका आधारमा छनोट गरिएको छ । यो अध्ययन स्नातक तह चौथो वर्षमा सञ्चालित शिक्षण अभ्यास कार्यक्रममा पाँचवटा ऐच्छिक विषयमा अध्ययन गरेका जम्मा १२५ जना छात्र शिक्षकहरू मध्ये नियमित रूपमा कक्षामा उपस्थित हुने प्रत्येक विषयवाट एकजनाका दरले ५ जना उद्देश्यमूलक नमुना छनोट विधिबाट छानिएका छन् । साथै एड्. ४४० अन्तर्गत पाँचवटा ऐच्छिक विषय अध्यापन गर्ने तथा सुपरिवेक्षणमा समेत संलग्न प्राध्यापकहरू मध्ये पाँच जनालाई उद्देश्यमूलक नमुना छनोट विधिबाट नै छानिएका छन् । यहाँ आवश्यक पर्ने गुणात्मक सूचना अध्ययन कर्ता स्वयम्ले नमुना छनोटमा परेका छात्र शिक्षकहरूसँग खुला प्रश्नावालीको सहायतावाट साथै प्राध्यापकहरूसँग खुला प्रश्नहरूको माध्यमबाट अन्तर्वार्ता र छलफलको माध्यमबाट सघन सूचना प्राथमिक स्रोतबाट सङ्कलन गरिएको छ भने विषयसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित सामग्री द्वितीय स्रोत हुन् । अध्ययनको सिलसिलामा विभिन्न स्रोतबाट आएका सूचनाहरूलाई वर्गीकरण गर्दै अनुसन्धान प्रश्नहरूलाई अलग-अलग विषय-शीर्षकअन्तर्गत विश्लेषण एवम् छलफल गरिएको छ ।

## नतिजाको विश्लेषण तथा छलफल

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायले स्नातक तहलाई चार बर्से बनाए सँगै विगतदेखि हुँदै आएको शिक्षण अभ्यास कार्यक्रम सञ्चालन गर्ने तरिकामा व्यापक फेरबदल गरेको छ । जसअनुसार क्याम्पसभित्र छात्र शिक्षकहरूलाई विद्यालयमा शिक्षण गर्नका लागि पोख्त बनाएर विद्यालय शिक्षणमा

पठाइन्छ । त्यसैले यो कार्यक्रमलाई क्याम्पसभित्र र विद्यालयमा गरी दुई खण्डमा विभाजन गरेर कार्यक्रमलाई प्रभावकारी बनाउन प्रयत्न गरिएको छ । यस अध्ययनमा अध्ययनकर्ताहरूले अध्ययन अध्यापन गर्ने त्रिभुवन विश्वविद्यालय महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाममा वि. स. २०८० सालमा शिक्षाशास्त्रको स्नातक तह चौथो वर्षमा सञ्चालित शिक्षण अभ्यास कार्यक्रममा संलग्न प्राध्यापक तथा छात्र शिक्षकहरूबाट प्राप्त सूचनाका आधारमा देखिएको अवस्थालाई यहाँ प्रस्तुत गरिएको छ । यस क्रममा प्रश्नावली,अन्तर्वार्ता तथा छलफलका माध्यमबाट प्राप्त सूचनाका आधारमा शिक्षण अभ्यासको कार्यान्वयन गर्ने क्रममा छात्र शिक्षक तथा सम्बद्ध प्रध्यापकहरूले गर्नु भएको अनुभवहरूलाई यहाँ विश्लेषण तथा छलफल गरिएको छ ।

## अभ्यास शिक्षण एड्. ४४० को कक्षा सञ्चालन

यस अध्ययनमा नमुना छनोटमा परेका उत्तरदाताहरूका अनुसार क्याम्पसले एड्. ४४० विषयलाई दैनिक कार्यतालिकामा समावेश गरेरै हप्ताको छ घण्टी पठनपाठन गर्ने व्यवस्था गरेको देखिन्छ । पाठ्यक्रमको मर्मअनुसार क्याम्पसले कक्षा प्रारम्भ गर्नुभन्दा अगाडि औपचारिक सूचना गरेर सबै विद्यार्थीहरू कक्षामा उपस्थित हुने वातावरण निर्माण गरी एड्. ४४० विषयको अध्ययन अध्यापन गर्दा प्राध्यापक एवम् विद्यार्थीहरूले गर्नुपर्ने कार्यका सम्वन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गर्नुपर्नेमा त्यसो गरेको पाइएन । यहाँ प्राप्त सूचनाअनुसार छात्र शिक्षक एवम् प्राध्यापकले क्याम्पसभित्र सञ्चालन हुने क्रियाकलापलाई महत्त्व नदिएको हुदा कक्षामा विद्यार्थीहरूको उपस्थिति अत्यन्त न्यून रहेको पाइयो । यस सम्बन्धमा सबै छात्र शिक्षकहरू यसो भन्नु हुन्छ । हामीलाई कक्षा सुरू हुने दिनदेखि सरर मेडमहरूले आआफ्नो कक्षामा लगेर काम गराउन थाल्नु भयो । साथै शिक्षण गर्ने प्राध्यापकहरूको भनाइ यस्तो छ । शिक्षण अभ्यासमा संलग्न सबैलाई अभिमुखीकरण गराउनु जरूरी हुन्छ । यो अभिमुखीकरण गराउने काम त शिक्षण अभ्यास विभागले गर्नुपर्ने हो खै याद गर्दैन । अभिमुखीकरणलेशिक्षण अभ्यासमा छात्र शिक्षकहरूमा आत्मविश्वास अभिवृद्धि गरी शिक्षणलाई प्रभावकारी रूपमा सञ्चालन गर्न पाठयोजना र शिक्षण सामग्रीको विकास एवम् प्रयोगमा एकरूपता ल्याउनका साथै समग्र प्रतिवेदन तयारीको अभ्यास गर्नको लागिसहजता ल्याउनका साथै क्याम्पसभित्र सञ्चालन हुने कक्षा नियमित एवम् प्रभावकारी वनाउन सहयोग गर्दछ । गिडी र सिवाया(सन् २००३) का अनुसार शिक्षण अभ्यास कार्यक्रम विश्वव्यापी रूपमा शिक्षक शिक्षाका लागि अतिआवश्यक हुन्छ । सो कार्यक्रम सञ्चालन गर्न संलग्न व्यक्तिहरू बिच अभिमुखीकरण जरूरी हुन्छ । अभिमुखीकरण नगर्दा ठुलो सङ्ख्यामा छात्र शिक्षकहरूलाई शिक्षण अभ्यासमा समस्या देखिएको छ । क्याम्पसमा सञ्चालन हुने कक्षामा विद्यार्थीहरूको उपस्थिति वृद्धिगर्न शिक्षण अभ्यास विभागले संयुक्त रूपमा एड्. ४४० पाठ्यक्रमको अभिमुखीकरणको आयोजना गर्नुपर्दछ । यस सम्बन्धमा सामाजिक शिक्षा अध्ययन गर्ने छात्र शिक्षक यसो भन्नु हुन्छ ।

> *"क्याम्पसले एड् ४४० पाठ्यक्रमको समग्र अभिमुखीकरण कक्षा सुरू हुँदा गराएको भए सबै छात्र शिक्षकहरूलाई आफूले गर्नुपर्ने कामका सम्बन्धमा स्पष्ट हुने अवसर पाइन्थ्यो तर त्यसो भएन ।"*

यसो हुनुमा शिक्षण अभ्यास विभागको मात्र दोष नभएर सम्बन्धित विषयका प्राध्यापकहरूको पनि कमजोरी देखिन्छ । छात्र शिक्षकहरू क्याम्पसको कक्षामा उपस्थित नभएका कारण विद्यालयका कक्षामा निपूर्ण ढङ्गले शिक्षण गर्न नसक्ने अवस्था सिर्जना भई समय बिताउन मात्र विद्यालय आएजस्तो देखियो । त्यस्तै छात्र शिक्षकहरू कक्षामा अनुपस्थित भएपछि पाठ्यक्रमले निर्दिष्ट गरेका सिपहरूको अभ्यास गर्ने कुरामा वञ्चित हुनुका साथै शिक्षण अभ्यासको कार्यान्वयन औपचारिकताका रूपमा मात्रै रहेको देखिएको

हुँदा यसको कार्यान्वयनमा निखार ल्याउन अभिमुखीकरणका साथै शिक्षण अभ्यास विभागले सम्बन्धित प्राध्यापकहरूको संयुक्त बैठकको आयोजना गरी छलफल गर्ने परम्परा बसाउनु जरूरी देखिन्छ ।

## सूक्ष्म शिक्षण

छात्र शिक्षकले विद्यालयमा शिक्षण अभ्यास कार्य प्रभावकारी ढङ्गले प्रदर्शन गर्न सकुन् भन्ने उद्देश्यले विद्यालय जानुभन्दा अगाडि पूर्वअभ्यास शिक्षणका रूपमा २४ दिनसम्म क्याम्पस हाताभित्र नियमित रूपमा शिक्षणको अभ्यास गराइने कार्यलाई सूक्ष्म शिक्षण भनिन्छ । यसमा प्रत्येक विद्यार्थीले विद्यालय तहमा पढाइ हुने विषयहरूमध्येबाट आआफ्नो विशिष्टीकरण विषयमा १५ वटा पाठयोजना बनाई कम्तिमा १० वटा सूक्ष्म शिक्षण तथा २ वटा सहपाठीहरूको कक्षा अवलोकन गर्नुपर्ने र शिक्षणपश्चात् सहपाठी र सुपरिवेक्षकसँग व्यक्तिगत एवम् सामुहिक रूपमा छलफलमा भाग लिनुपर्छ । सूक्ष्म शिक्षणको समयमा क्याम्पसमा गरेका कार्यहरूलाई नमुना छनोटमा परेका उत्तरदाताहरूबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १**

*सूक्ष्म शिक्षणका समयमा छात्र शिक्षकले गरेको काम*

| क्र. स. | विषय | सूक्ष्म शिक्षण | | सहपाठी कक्षा अवलोकन | |
|---|---|---|---|---|---|
| | | गर्नु पर्ने | गरेको | गर्नु पर्ने | गरेको |
| १. | अङ्ग्रेजी | १० | ४ | २ | १ |
| २. | सामाजिक | १० | १० | २ | १ |
| ३. | स्वास्थ्य तथा शारीरिक | १० | १० | २ | १ |
| ४. | नेपाली | १० | २ | २ | १ |
| ५. | गणित | १० | २ | २ | १ |

*स्रोतः स्थलगत अध्ययन, वि. स. २०८० ।*

सूक्ष्म शिक्षणका क्रममा सबै छात्र शिक्षकले १५ वटा पाठयोजना निर्माण गरेको पाइयो भने १० वटा सूक्ष्म शिक्षण गरेको पाइएन । सूक्ष्म शिक्षणले सिद्धान्तलाई व्यवाहारमा रूपान्तरण गर्दै पेसागत सक्षमता अभिवृद्धि गर्दछ (फ्लाष्टी र अन्य, सन् २०२३) । त्यसैले छात्र शिक्षकहरूलाई धेरै भन्दा धेरै सूक्ष्म शिक्षण गराउनु जरूरी हुन्छ । त्यस्तै सहपाठीहरूले गरेको शिक्षणका क्रममा १ वटा सहपाठी कक्षा अवलोकन गरेर फारम भरेको पाइएको छ । पाठ्यक्रम तथा निर्देशिकाले निर्दिष्ट गरेका सूक्ष्म शिक्षण तथा सअपाठी कक्षा अवलोकन सम्वन्धी क्रियाकलाप पूरा नभएको सम्बन्धमा सम्बन्धित प्राध्यापक यसो भन्नुहुन्छ ।

*"पाठ्यक्रममा सूक्ष्म शिक्षणका लागि २४ दिन छुट्याइएको छ । निर्देशिकामा २० जना छात्र शिक्षकलाई एउटा समूहमा राख्नु पर्ने कुरा उल्लेख भएको हुँदा २० जनालाई २४ दिनमा १० पटक शिक्षण र २ वटा सहपाठी कक्षा अवलोकन गराउन सम्भव छैन । यसर्थ निर्देशिका नै परिमार्जन गर्नुपर्दछ"*

शिक्षण पछाडि कक्षा शिक्षकको उपस्थितिमा सूक्ष्म शिक्षणका क्रममा देखिएका सवल एवम् सुधार गर्नुपर्ने पक्षहरूका सम्बन्धमा छलफल गर्ने प्रचलन रहेको पाइयो भने सहपाठी कक्षा अवलोकन फारम

चाँही भर्ने गरेको तर त्यसका बारेमा छलफल चाहिँ हुने गरेको पाइएन । यसर्थ निर्देशिकालाई व्यावहारिक रूपमा मिल्ने गरेर परिमार्जन गर्नु पर्दछ ।

## सहपाठी शिक्षण

क्याम्पसमा सञ्चालन गरिने पूर्वअभ्यास शिक्षणका रूपमा सूक्ष्म शिक्षण गरेपश्चात् १५० घण्टी मध्ये ४० घण्टी सहपाठी शिक्षण गराउनु पर्ने प्रावधान रहेको छ । यस क्रममा छात्र शिक्षकहरूले विषयगत रूपमा १५वटा पाठयोजना निर्माण गरीसहपाठी छात्र शिक्षकहरूको समूहमा ६ वटा पूरा घण्टी (३० मिनटको) कक्षापढाउनु पर्दछ । यस अवधिमा २ वटा सहपाठी कक्षा अवलोकन फाराम पनि आन्तरिक सुपरिवेक्षकको उपस्थितिमा भरेर छलफल र पृष्ठपोषण लिनुपर्दछ । सूक्ष्म र सहपाठी शिक्षणपश्चात् आफूले पढाएको पाठबाट उत्तर कुञ्जिका साथै अङ्कन योजनासहित कम्तिमा २० वटा वस्तुगत र १५ वटा विषयगत प्रश्नहरू निर्माण गर्नुपर्दछ। सहपाठी शिक्षणको सम्वन्धमा क्याम्पसमा गरेका कार्यहरूलाई नमुना छनोटमा परेका उत्तरदाताहरूबाट प्राप्त सूचनालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २**

*सहपाठी शिक्षणका समयमा छात्र शिक्षकले गरेको काम*

| क्र. स. | विषय | सहपाठी शिक्षण | | सहपाठी कक्षा अवलोकन | |
|---|---|---|---|---|---|
| | | गर्नुपर्ने | गरेको | गर्नुपर्ने | गरेको |
| १. | अङ्ग्रेजी | ६ | १ | २ | ० |
| २. | सामाजिक | ६ | ४ | २ | ० |
| ३. | स्वास्थ्य तथा शारीरिक | ६ | ४ | २ | ० |
| ४. | नेपाली | ६ | १ | २ | ० |
| ५. | गणित | ६ | २ | २ | ० |

*स्रोतः स्थलगत अध्ययन, वि. स. २०८० ।*

क्याम्पसमा सहपाठी शिक्षणका लागि छात्र शिक्षकहरूलाई १५ वटा पाठयोजना वनाउन लगाएको पाइयो तर सबैलाई ६ वटा कक्षा शिक्षण गर्ने अवसर चाँही दिइएको पाइएन । सहपाठी शिक्षणले छात्र शिक्षकमा वास्तविक शिक्षणका लागि आधार एवम् गुणस्तर कायम गर्न सहयोग गर्ने भएकाले जति धेरै पटक गराउन सक्यो उति नै शिक्षणमा निखार आउँछ (रिष, सन् २०१५) । यसैले सहपाठी शिक्षणको सङ्ख्या बढाउनु पर्ने देखिन्छ । छात्र शिक्षकले सहपाठी शिक्षण पछाडि सुपरिवेक्षकको उपस्थितिमा सवल र सुधार गर्नुपर्ने पक्षहरूका बारेमा छलफल भएको पाइयो । यस सम्बन्धमा शिक्षण गर्ने प्राध्यापक यसो भन्नु हुन्छ ।

> *"क्याम्पसमा एड्. ४४० को कक्षामा ७०र८० जना छात्र शिक्षकहरूलाई एउटै कक्षामा शिक्षण गर्नुपर्दछ । प्रत्येकलाई ३० मिनटको पाठयोजना बनाएर शिक्षण गर्न लगाउँदा एक जनालाई एक दिन लाग्छ । हामीले ४० दिनमा सहपाठी शिक्षण सक्नुपर्दछ । त्यसैले यो असम्भव छ ।"*

सहपाठी शिक्षणका क्रममा छात्र शिक्षकहरूलाई पाठ्यक्रमले निर्धारण गरेमुताविक वस्तुगत र विषयगत प्रश्नहरू निर्माणको अभ्यास गराएको पाइयो तर प्रश्न निर्माण गर्दा उत्तरकुञ्जिका चाँही निर्माण

गरेको तर विषयगत उत्तर पुस्तिका परीक्षण गर्न अङ्कन योजना चाँही निर्माण गरेको पाइएन । साथै छात्र शिक्षकहरूलाई सहपाठी कक्षा अवलोकन फारम भर्न लगाएको पाइएन ।

क्यम्पसमा शिक्षण अभ्यास विभाग नै सूक्ष्म र सहपाठी शिक्षणको अवधारणामा अस्पष्ट देखिएको छ । एड्. ४४० पाठ्यक्रम तथा यसको निर्देशिकाले निर्देश गरेको शिक्षण अभ्यासका चरणहरूमा सूक्ष्म शिक्षण अनि सहपाठी शिक्षण त्यसपछि विद्यालयमा वास्तविक शिक्षण गर्नुपर्दछ । यस अध्ययनको नमुना छनोटमा परेको क्याम्पसले सुरूमा सहपाठी शिक्षण गराएर पछिमात्र सूक्ष्म शिक्षण गरेको पाइयो । यसले समग्र शिक्षण अभ्यासको कार्यक्रम नै अलमल भएको देखिनुका साथै छात्र शिक्षकहरूमा शिक्षणका सम्बन्धमा विकास हुनु पर्ने निपूणता प्राप्त हुन अवरोध सिर्जना गरेको देखिएको छ । यसर्थ यस कार्यक्रममा संलग्न सबै प्राध्यापकहरूको संयुक्त बैठकको आयोजना गरी एड्. ४४० पाठ्यक्रम र त्यसको कार्यान्वयन गर्न बाटो देखाउने निर्देशिकाका सम्बन्धमा छलफल गरेर सबै स्पष्ट हुनु पर्ने देखिन्छ ।

## क्याम्पसले गरेको सहजीकरण

छात्र शिक्षकहरूले शिक्षण अभ्यासलाई गम्भीरतापूर्वक नलिई औपचारिकताका रूपमा मात्र लिई पर्याप्त ध्यान नदिएको पाइयो । शिक्षण अभ्यास सुरु हुनु भन्दा अगाडि क्याम्पस सुपरिवेक्षक, विद्यालयका प्रधानाध्यापक एवम् विद्यालयका सुपरिवेक्षकहरूका बिचमा समन्वय स्थापना गर्न क्याम्पसमा संयुक्त रूपमा बैठक एवम् सेमिनारको आयोजना गरेको पाइएन । यसले गर्दा आपसमा समन्वयको अभाव हुनगई विद्यालयमा क्याम्पसले अनावश्यक बोझ थोपरेको महसुस गरी विद्यालयका शिक्षकले छात्र शिक्षकहरूलाई धेरै सहयोग गरेको नपाइएको हुँदा सबै पक्षहरू विच समन्वय गर्न संयुक्त बैठक एवम् सेमिनारको आयोजना गर्नुपर्दछ ।

छात्र शिक्षकहरूलाई अभ्यास शिक्षणमा पठाउदा विद्यालयको वितरणमा प्रशासनिक समस्या देखिएको छ । प्रस्तुत अध्ययनका सन्दर्भमा प्रायशः छात्र शिक्षकहरू क्याम्पस नजिकको विद्यालयमा जान चाहन्छन् । क्याम्पसभन्दा टाढाटाढा रहेका विद्यालयहरूको छनोट गर्दा विद्यार्थीहरूको कक्षा सुपरिवेक्षणमा पनि समस्या हुने देखिएको छ । यो क्याम्पस प्रशासन र शिक्षण अभ्यास विभागले सामना गरेको व्यवस्थापकीय समस्या हो । यस सम्बन्धमा स्वास्थ्य तथा शारीरिक शिक्षा अध्ययन गर्ने छात्र शिक्षक यसो भन्नु हुन्छ ।

> *"हामी क्याम्पस पढ्न घरबाट धाउन टाढा छ । त्यसैले डेरा बस्नु पर्दछ । मेरो डेराको नजिक रहेको सहयोगी विद्यालयमा शिक्षण अभ्यास गर्न चाहेको थिएँ तर त्यहाँ जान पाइनँ । त्यसैले २० दिनका लागि अर्को डेरा खोजेर बस्नु पर्ने भयो । यो समयमा दुईवटा डेरा लिनुपर्ने भयो ।"*

शिक्षण अभ्यासका लागि छात्र शिक्षकहरूलाई क्याम्पस आसपासभन्दा बाहिर पठाउँदा क्याम्पसले पर्याप्त तयारी गर्नुपर्दछ । त्यसका लागि क्याम्पसले आवश्यक उपकरण, सुविधा एवम् सामग्रीहरूको व्यवस्था गरेर मात्र टाढाका विद्यालयमा छात्र शिक्षकलाई खटाउनु पर्ने देखिन्छ । त्यस वखत छात्र शिक्षकहरूलाई क्याम्पस भन्दा टाढा रहेका विद्यालयमा गएर शिक्षण अभ्यास गर्न प्रोत्साहित गर्ने खालका सुविधाका प्याकेजसमेतको व्यवस्था गर्नुपर्दछ ।

विद्यालयमा एउटा विषयको सीमित सङ्ख्यामा मात्र कक्षा हुन्छन् । त्यहाँ धेरै जना छात्र शिक्षकहरू पठाइयो भने त्यस विषयको दैनिक कक्षा तालिका बनाउन तथा कक्षा व्यवस्थापन गर्न गाह्रो हुनुका साथै प्रत्येक छात्र शिक्षकले कक्षाकोठामा आफ्नो सिप प्रदर्शन गर्ने मौकाबाट बञ्चित भएको पाइएको छ ।

क्याम्पस र विद्यालयहरू बिच सुमधुर सम्बन्ध बनाउनका लागि प्रधानाध्यापक, सुपरिवेक्षकहरूका साथै विद्यालयका शिक्षकहरू बिच शिक्षण अभ्यास सुरु हुनुअगावै बैठक एवम् सेमिनारको आयोजना गर्नुपर्दछ । यस्ता सेमिनारले सहभागीहरूका बिचमा राम्रो सम्बन्ध वनाउनुका साथै शिक्षण अभ्यासमा आफ्नो जिम्मेवारी बोध गराउछ । यसले विद्यालय र क्याम्पसबिच आपसमा समन्वयको अवस्था सिर्जना गर्दछ ।

## विद्यालय शिक्षण

छात्र शिक्षकले सहयोगी विद्यालयमा गएर प्रभावकारी ढङ्गले २० दिन वास्तविक शिक्षण सिकाइ गर्नुपर्दछ । यो अवधिमा विद्यालयमा सम्पर्क गरेर रूटिन बनाउने, सम्बन्धित कक्षाको विषय-शिक्षकको कक्षा अवलोकन गर्ने, कम्तिमा १२ वटा कक्षा शिक्षण गर्ने, आफूले पढाएको कक्षामा अङ्कन योजनासहित २५ वटा विषयगत साथै उत्तरकुञ्जिका सहित वस्तुगत प्रश्न १० वटा गरी १ सेट प्रश्न बनाइ परीक्षा लिएर उत्तरपुस्तिका परीक्षण गरी नतिजा निकाल्ने र नतिजाको विश्लेषण गर्ने, शैक्षिक योजनाहरू निर्माण गर्ने, समूहमा एउटा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने, विद्यालय अभिलेख तयार गर्ने कार्य गर्नुपर्छ । छात्र शिक्षकलेविद्यालयमा शिक्षकहरूको बैठकमा भाग लिने र दैनिक अभिलेख राख्ने अभ्यास गर्नुपर्दछ । त्यस्तै छात्र शिक्षकले आन्तरिक सुपरिवेक्षकको उपस्थितिमा सहपाठी छात्र शिक्षकले पढाएको एउटा कक्षा अवलोकन गरी उपलब्ध गराइएका फारामअनुसार उक्त साथीको शिक्षणको विश्लेषण गर्नुपर्छ । विद्यालयमा प्रयोग गरिने शिक्षक लगबुक, विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फाराम, कार्यसञ्चयिका, शिक्षकको व्यक्तिगत विवरण (सिटरोल) को अध्ययन गरी नमुनाको रूपमा भर्ने अभ्यास गर्नुका साथै समग्र प्रतिवेदन तयार गर्नुपर्दछ ।

शिक्षण अभ्यासमा छात्र शिक्षकहरूले विद्यालयमा गएर कार्ययोजनाका साथै दैनिक कार्यतालिकाको निर्माण गर्ने काम गरेको पाइयो भने विषय शिक्षकले पढाएको कक्षा अवलोकन गर्ने अवसर भने नपाएको गुनासो सुनियो । त्यस्तै विद्यालयमा विभिन्न शैक्षिक योजना निर्माण गर्न समय अभाव भएकाले पूर्वअभ्यास शिक्षणका क्रममा क्याम्पसमा निर्माण गरेका योजनालाई नै अन्तिम अवलोकनका समयमा पेश गरेको पाइयो । छात्र शिक्षकहरूले उत्तरकुञ्जिकासहित वस्तुगत र विषयगत प्रश्नहरू निर्माण गरेको पाइयो तर अङ्कन योजना चाँही निर्माण गरेको पाइएन । साथै छात्र शिक्षकले समय अभाव हुँदा परीक्षा सञ्चालन गरेर विश्लेषण गर्न नभ्याएको प्रतिक्रिया दिनु भयो । छात्र शिक्षकहरूले विद्यालय शिक्षणका क्रममा विद्यालयले तयार गरेका विभिन्न योजना एवम् विभिन्न अभिलेखहरू राख्ने तरिकाहरूको अध्ययन गरेको पाइयो । यसै क्रममा विद्यालयमा खटिएका सबै छात्र शिक्षकहरूले संयुक्तरूपमा एउटा अतिरिक्त क्रियाकलाप सञ्चालन गरेको समेत पाइयो ।

अहिले कार्यान्वयन भएको पाठ्यक्रमअनुसार विद्यालय शिक्षणको अवधि २० दिनमा १२ वटा कक्षा अध्यापन गर्नुगर्ने अवस्था छ । छात्र शिक्षकहरू विद्यालय शिक्षणमा गएको समयमा केही विद्यालयले खेलकुद तथा अतिरिक्त क्रियाकलापको सप्ताहका रूपमा मनाइरहेका हुन्छन् । यो अवस्थामा छात्र शिक्षकहरूले कक्षा शिक्षणको अवसरलाई उपयोग गर्न पाउदैनन् । यस सम्बन्धमा नेपाली शिक्षा अध्ययन गर्ने छात्र शिक्षक यसो भन्नु हुन्छ ।

> *"हामी विद्यालय गएको दिनदेखि त्यो विद्यालयमा खेलकुद सप्ताह सुरू भएको रहेछ । त्यसले गर्दा हामीले विद्यालयमा कक्षा शिक्षण गर्ने अवसर पाइएन । पाठयोजना मात्र बनाइयो । एक्कासि*

*अन्तिम मूल्याङ्कनको समयमा मात्र कक्षामा पढाइयो । यसैले विद्यालय शिक्षणको समय बढाउनु जरुरी छ ।"*

शिक्षण अभ्यास अवधिभरमा छात्र शिक्षकहरूले विद्यालयमा २० दिनमात्र जानुपर्ने प्रावधान छ । यो समयमा विद्यालयमा अतिरिक्त क्रियाकलाप सप्ताह भएको अवस्थामा छात्र शिक्षकहरूले झारो टार्न पाठयोजनामात्र निर्माण गर्नुपर्दछ । छात्र शिक्षकले कक्षामा गएर नपढाइ नै अभ्यास शिक्षणको समयावधि सकिने स्थितिसमेत रहेको देखिन्छ । यसका लागि विद्यालयमा छात्र शिक्षक ३० दिन हाजिर हुनुपर्ने त्यस अवधिमा कम्तिमा २० वटा कक्षा शिक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।

## सुपरिवेक्षण

विद्यालय शिक्षणका समयमा आन्तरिक सुपरिवेक्षकले कम्तिमा दुई पटक प्रत्येक छात्र शिक्षकको कक्षा अवलोकन गरी आवश्यक सुझाव उपलब्ध गराउनुपर्दछ । आन्तरिक सुपरिवेक्षकले प्रत्येक छात्र शिक्षकलाई विद्यालय शिक्षण अवधिभरमा प्रश्न निर्माण, विद्यालयसम्बन्धी अभिलेख तयार, परीक्षा सञ्चालन, परीक्षाको विश्लेषण, अतिरिक्त क्रियाकलाप सञ्चालन तथा शिक्षण अभिलेख राख्ने जस्ता सम्पूर्ण शैक्षिक आवश्यकता पूरा गर्न सरसल्लाह एवम् निर्देशन उपलब्ध गराउनुपर्दछ ।बाह्य परीक्षण सकिए लगतै छात्र शिक्षकहरूलाई एक्लाएक्लै वा समूहमा राखेर उसले गरेका शिक्षण अभ्याससम्बन्धी कार्यको सबल र सुधार गर्नुपर्ने पक्षको छलफल गरी सुधारात्मक सुझाव दिनुका साथै उसले तयार गरेका सम्पूर्ण प्रतिवेदनबारे आवश्यक सोधपुछ गरी सही मूल्याङ्कन र सुधारको लागि सुझाव दिनुपर्छ ।

क्याम्पसले विद्यालय शिक्षणका समयमा आन्तरिक सुपरिवेक्षणलाई एक पटकमात्र सहयोगी विद्यालयमा खटाउने प्रचलनले गर्दा छात्र शिक्षकले अध्यापन गरेको कक्षा पनि एक पटकमात्र अवलोकन गरेको पाइयो । आन्तरिक सुपरिवेक्षकहरू बिच समन्वयको अभावले गर्दा उनीहरूले दिने निर्देशनहरूमा एकरूपताको अभावसमेत देखिएको छ भने आन्तरिक सुपरिवेक्षकहरूले पूरा समय कक्षा सुपरिवेक्षण नगरेको भन्ने छात्र शिक्षकहरूको गुनासो पाइएको छ ।सुपरिवेक्षकहरू कक्षामा पूरा समय सुपरिवेक्षण गरी सुझावहरूका बारेमा सामुहिक छलफल गर्दै छात्र शिक्षकहरूमा रहेका नकारात्मक धारणा हटाउन सहयोग गर्नुपर्दछ (कम्वल र अन्य, सन् २०१७) । सुपरिवेक्षक सवैले कक्षा सुपरिवेक्षण पछाडि सामुहिक छलफल नगरेका कारण दिइएका सुझावले छात्र शिक्षकहरूमा अझ अन्योल बनाएको पनि पाइयो ।

सुपरिवेक्षकहरूले छात्र शिक्षकहरूको पूरा कक्षा अवलोकनका साथै आवश्यक देखिएका सुझावहरू लिखित रूपमा दिन प्रेरित गर्नुका साथै कक्षा सुपरिवेक्षण पछि सामुहिक छलफल गर्ने प्रचलन अनिवार्य हुन्छ । यस सम्बन्धमा जनसङ्ख्या शिक्षा अध्ययन गर्ने छात्र शिक्षक यसो भन्नुहुन्छ ।

*"हामी विद्यालय शिक्षणका क्रममा थियौं । मेरो घण्टी सुरू हुँदा क्याम्पसबाट सर आउनु भएको थिएन । म कक्षामा गएको केही समयपछि सर कक्षामा आउनु भयो अनि केही समय कक्षा अवलोकन गरेर बाहिर निस्कनु भयो । म कक्षा शिक्षण सकेर बाहिर निस्कँदा सर फर्किसक्नु भएको रहेछ ।"*

शिक्षण अभ्यासको अनुगमन सम्बन्धित समितिबाट गराउँदै आन्तरिक सुपरिवेक्षकहरूले इमानदारीपूर्वक तोकिएका छात्र शिक्षकहरूको सुपरिवेक्षण गराउने वातावरण बनाउनु पर्दछ । शिक्षण अभ्यासमा संलग्न प्राध्यापकहरू बिच सुपरिवेक्षणका सम्बन्धमा समन्वय गर्न विद्यालयमा पठाउनु अगाडि बैठक तथा सेमिनार

गर्नुपर्ने देखिन्छ । क्याम्पस सुपरिवेक्षकहरूको बैठकले शिक्षण अभ्यासमा एकरूपता ल्याउनका साथै आइपर्ने समस्या र अन्योलहरू हटाउनमा सहयोग गर्दछ । शिक्षण अभ्यासमा एउटा शिक्षकलाई बिचमा कक्षा सुपरिवेक्षण गर्न पठाएर अन्तिम मूल्याङ्कन गर्न अर्को शिक्षकलाई पठाइयो भने उनीहरू बिच शिक्षण अभ्यासका सम्बन्धमा समान दृष्टिकोण नदेखिंदा विद्यार्थीहरूमा यो केही होइन बोझमात्र हो भन्ने समेतको भावना विकास भएको देखिएको हुँदा एउटा विषय अध्यापन गर्ने छात्र शिक्षकको शिक्षण अभ्यास अवधिभरि एउटा मात्र आन्तरिक सुपरिवेक्षक खटाउने परिपाटी बसाउनु पर्दछ ।

## अन्तिम मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालयको हाल सञ्चालित चारबर्से स्नातक तहको चौथो वर्षको शिक्षण अभ्यास एड्. ४४० पाठ्यांशको निर्धारित १०० पूर्णाङ्कमध्ये आन्तरिक मूल्याङ्कनका लागि ६० अङ्क र बाह्य मूल्याङ्कनका लागि ४० अङ्क विभाजन गरिएको छ । यस विषयमा उत्तीर्ण हुन सम्बन्धित प्रत्येक शीर्षकमा ४० प्रतिशतका दरले अङ्क ल्याई कुल १०० पूर्णाङ्कमा कम्तिमा ४० अङ्क ल्याउनु अनिवार्य हुन्छ । बाह्य परीक्षण विद्यालयमा हुने हुँदा प्रत्येक छात्र शिक्षकले शिक्षण अभ्यासका क्रममा तयार पारेका आवश्यक सम्पूर्ण सामग्रीहरू बाह्य परीक्षकलाई उपलब्ध गराउनु पर्छ । बाह्य परीक्षकले कक्षा अवलोकन लगायत अन्तिम मूल्याङ्कन पछाडि छात्र शिक्षकहरूसँग बसेर सवल एवम् सुधार गर्नुपर्ने पक्षका विषयमा छलफलसमेत गर्नुपर्दछ ।

अन्तिम मूल्याङ्कनका समयमा आन्तरिक र वाह्य सुपरिवेक्षकहरूले संयुक्त रूपमा प्रत्येक छात्र शिक्षकले पढाएको कक्षामा बसेर शिक्षणको सुपरिवेक्षण गरेको पाइयो । आन्तरिक सुपरिवेक्षक चाँही विद्यालय शिक्षणका क्रममा विचमा सुपरिवेक्षण गर्ने भन्दा फरक प्राध्यापक पनि संलग्न भएको पाइयो । बाह्य सुपरिवेक्षकहरूले कक्षा सुपरिवेक्षण पछाडि छात्र शिक्षकहरूसँग बसेर शिक्षणका सम्बन्धमा छलफल गरेको पाइएन । अन्तिम मूल्याङ्कनका समयमा छात्र शिक्षकहरूले तयार गरेको सामग्रीहरू गम्भीरतापूर्वक अध्ययन गरेर मूल्याङ्कन कर्ताहरूले मूल्याङ्कननगरेको देखिएका कारण छात्र शिक्षकहरूले शिक्षण अभ्यासमा विद्यार्थीहरूको मूल्याङ्कन वस्तुगत रूपमा हन्छ भन्ने कुरामा विश्वास नगरेको पाइयो ।

शिक्षण अभ्यासको अन्तिम मूल्याङ्कन हुँदा बढी अङ्क दिन शिक्षकहरूलाई अनावश्यक दबाब दिने प्रवृत्ति पनि रहेको छ भने सुपरिवेक्षकहरू पनि विद्यार्थीहरूको वस्तुगत मूल्याङ्कन गर्नु पर्नेमा हेल्लो प्रभावमा परेको पाइयो । यस सम्बन्धमा सामाजिक शिक्षा अध्ययन गर्ने छात्र शिक्षक यसो भन्नु हुन्छ ।

> *"म चौथो वर्षको रिजल्ट लिन भनेर क्याम्पस गएको थिएँ । मेरो शिक्षण अभ्यासको अन्तिम मूल्याङ्कनमा सहभागी हुने सरसँग भेट भयो । मैले पाएको अङ्कका बारेमा छलफल भयो । यसै क्रममा सरले भन्नु भयो तिमीलाई दिएको अङ्क अर्को साथीलाई गएछ साथै त्यो साथीलाई दिएको अङ्क तिमीलाई परेछ तर तिमीले पाएको अङ्क पनि नराम्रो होइन ।"*

छात्र शिक्षकहरूले शिक्षण अभ्यासमा अङ्क प्राप्त गर्नु भनेको आन्तरिक एवम् बाह्य सुपरिवेक्षकहरूको दया हो भन्ने महसुससमेत गरेको पाइयो । शिक्षण अभ्यासको मूल्याङ्कनका सम्बन्धमा वालेन्टन र अन्य (सन् २००६) का अनुसार शिक्षण अभ्यासमा मूल्याङ्कन कर्ताले छात्र शिक्षकको निरन्तर मूल्याङ्कनका आधारमा वस्तुगत रूपमा मूल्याङ्कन गर्नु पर्दछ । साथै यस सम्बन्धमा रायन (सन् १९६०) का अनुसार छात्र शिक्षकको वस्तुगत मूल्याङ्कन सुपरिवेक्षकको मूल्याङ्कन गर्ने सिपमा भर पर्दछ । त्यसैले शिक्षण

अभ्यासको वस्तुगत मूल्याङ्कन गर्न सम्बन्धित क्याम्पसको अभ्यास शिक्षण विभागले आन्तरिक एवम् वाह्य सुपरिवेक्षकहरूको संयुक्त वैठकको आयोजना गरी शिक्षण अभ्यासको सुपरिवेक्षण तथा मूल्याङ्कनका सम्वन्धमा स्पष्ट दृष्टिकोणसहित साझा धारणा निर्माण गर्नु आवश्यक छ ।

यस अध्ययनमा सीमित साधन, स्रोत एवम् सूचनाका साधनहरू (प्रश्नावाली, अन्तर्वार्ता र छलफल) का आधारमा प्राप्त निष्कर्षलाई सामान्यीकरण गर्न सकिँदैन । त्यसैले सामान्यीकरण गर्नका लागि ठुलो क्षेत्रमा बृहत् सूचना सङ्कलनका आधारमा अध्ययन गर्न आवश्यक देखिन्छ ।

## निष्कर्ष

शिक्षण अभ्यास पाठ्यक्रमको निर्देशिकाले निर्दिष्ट गरेका बैठक तथा सेमिनार जस्ता कार्यक्रमले संलग्न सबैमा अस्पष्टता हटी सजग एवम् जागरूक भई आफ्नो जिम्मेवारी स्वभाविक तथा वस्तुगत रूपमा पूरा गर्न सहयोग गर्दछ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायद्वारा स्नातक तहमा सञ्चालित शिक्षण अभ्यास कार्यक्रम सफलताको पहिलो सर्त नै यसमा संलग्न व्यक्तिहरू यो कार्यक्रमका सम्बन्धमा स्पष्ट हुनु पर्नेमा यस अध्ययनले यस्तो देखाएन । यसैले अभ्यास शिक्षण विभागले एड्. ४४० पाठ्यक्रमको कक्षा सुरू हुनु भन्दा अगाडि संलग्न प्राध्यापकहरूको बैठक तथा छात्र शिक्षकहरूका लागि अभिमुखीकरण कार्यक्रमको आयोजना गरी विषयवस्तुप्रति सबैलाई सजग गराउनु पर्छ ।

यो कार्यक्रममा संलग्न सहयोगी विद्यालयका प्रधानाध्यापक तथा क्याम्पसवीच पनि वैठक एवम् सेमिनारको आयोजना गर्नुपर्ने देखिन्छ । शिक्षण अभ्यासको पाठ्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने निर्देशिकाले स्पष्ट मार्ग निर्देश गर्नसक्नु पर्नेमा यसले सूक्ष्म, सहपाठी र विद्यालय शिक्षणको समय एवम् छात्र शिक्षकहरूको अनुपात लगायतमा दुविधा उत्पन्न गराउने अवस्था देखिएको हुँदा यसलाई परिमार्जन गर्नुपर्ने देखिन्छ ।त्यसैले एड्. ४४० पाठ्यक्रमको निर्देशिकामा देखिएका कमजोरीलाई सुधार गरेर यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सकियो भने यसवाट शिक्षण सिपमा निपुर्ण जनशक्ति उत्पादन हुने देखिन्छ । साथै शिक्षण अभ्यास कार्यक्रमको अनुगमन गर्न निर्देशिकाले निर्देश गरेअनुसारको अनुगमन समिति निर्माण गरेर सो समितिको सिफारिसमा दण्ड तथा पुरस्कारको समेत व्यवस्था गर्न आवश्यक देखिन्छ । यसरी दण्ड तथा पुरस्कारको कार्यान्वयनले आआफ्नो जिम्मेवारी पूरा गर्ने कुरामा अभिप्रेरित गराउनुका साथै पाठ्यक्रमका निर्दिष्ट उद्देश्य एवम् मर्म पूरा हुने देखिन्छ ।

(कृतज्ञता ज्ञापन : यो लेख विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरद्वारा यस लेखका लेखक समूहलाई Praxis of Supervision in Practice Teaching शीर्षकमा अध्ययन गर्न प्राप्त फ्याकल्टी रिसर्चमा आधारित छ । यो फ्याकल्टी रिसर्च अनुदान सहयोगका लागि यस अध्ययनका अध्ययनकर्ताहरू विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुरप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।)

## सन्दर्भ सामग्री

ढकाल, माधवप्रसाद (२०६८), *अभ्यास शिक्षणः अवधारणा र अभ्यास,* रत्न पुस्तक भण्डार ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय (२०७६), *शिक्षण अभ्यास/प्राक्टिकम निर्देशिका २०७६,* त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय।

Bhargava, A. (2009). Teaching practice for student teachers of B. Ed. programme: Issues, predicaments and

suggestions, *Turkish Online Journal of Distance Education,* Vol. 10(2), 101-108.

Blanton, L. P., Sindelar, P. T., & Correa, V. I. (2006). Models and measures of beginning teacher quality. *The Journal of Special Education*, 40(2), 115–127. https://doi.org/10.1177/00224669060400020201.

Brown, D.P. & Brown, R.N. (1990). *Effective teaching practice, lechhampton*, Cheltenham: Thornes Publishers.

Flaherty, J.,Lenihan, R., Young, A.and McCormack, O. (2023). Developing micro-teaching with a focuson core practices: The use of approximations of practice. *Education `Sciences, 14*(1). 35.

Gujjar, A. A. (2009*). Teaching practice: Concept, stages, objectives and suggestions*. Retrieved from www.slideshare.net

Kagoda, A.M. (2011). The role models and life histories of teacher trainees as tool for effective teacher education: A case of geography teacher trainees, *Academic Research International, 1*(3), 47-58.

Karthogen, F.; Loughran J. & Russel, T. (2006). Developing fundamental principles for teacher education programmes and practices, *Teaching and Teacher Education,22*(3), 1020-1044.

Kanwal, N., Akhter, D. N., & Kanwal, N. (2017). A mixed method approach to explore student-teachers' anxiety in relation to their teachingpractices at school placement. *Merit Research Journal of Education and Review*, 5(2), 6–15.

Maphosa, C.; Shumba, J. & Shumba, A. (2007). Mentorship for students on teachingpractice in Zimbabwe: Are student teachers getting a raw deal? *South AfricanJournal of Higher Education,*. 21, 296-307.

Marais, P. & Meier, C. (2004). Hear our voices: student teacher's experience duringpractical teaching, *Africa Education Review* 1, 220-233.

Merryfield, M.M. (1997). A framework for teacher education in global perspectives, In Merryfield, M. M. & others (Eds.) *Preparing teachers to teach global perspectives: A hand book for teacher education* (pp. 1-24). Corwin Press.

Ngidi, D. P., & Sibaya, P. T. (2003). Student teacher anxieties related to practice teaching. *South African Journal of Education*, *23*(1), 18–22. https://doi.org/10.4314/saje.v23i1.24841.

Perry, R. (2004). *Teaching practice for early childhood: A guide for students.* Available at http://www Routledge.com catalogues./0418114838.pdf. (Accessed 18 July 2007).

Quick, G. & Sieborger, R. (2005). What matters in practice teaching? The perception of schools and students. *South African Journal of Education,* 25:1-4

Ryan, D. G. (1960). *Characteristics of teachers*. American Council.

Ress, L. E., Quinn, J. P., Davies, B. & Fotheringhem, V. (2015). How does peer teaching compare to faculty teaching? A systematic review and meta-analysis. *Medical Teacher, 38*(8), 1-9. https://doi.org/10.3109/0142159X.2015.1112888

Saban, A. & Coklar, A.C. (2013). Pre-service teachers' opinions about the micro-teaching method in teaching practice classes. *The Turkish Online Journal of Educational Technology,12*(2), 234-240.

Snow-Gerono, J. L. (2008). Locating supervision: A reflective framework for negotiating tensions within conceptual and procedural foci for teacher development. *Teaching and Teacher Education*. (doi: 10.1016/j.tate.2008.02.002).

Tribhuvan University Nepal (2023). *TU today- 2080*. Information and public relation division, TU.